# स्थानीय राजपत्र

**मकवानपुरगढी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ६) मक्रान्चुली, मकवानपुर, पौष ३ गते, २०८० (संख्याः १**

## भाग-२

## मकवानपुरगढी गाउँपालिका

मकवानपुरगढी गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### मकवानपुरगढी गाउँपालिकाको नगर प्रहरी सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०८०

<u>प्रस्तावना</u>

मकवानपुरगढी गाउँपालिकामा समय समयमा पारित हुने नीति, नियम, निर्णय मापदण्ड तथा प्रशासनिक आदेशहरुको कार्यान्वयन सहयोग र सहजीकरणका लागि सुरक्षा, संरक्षणका साथै विपद व्यवस्थापन सम्बन्धि कार्य गर्न अवान्छनीय गतिविधि नियन्त्रण गर्न, विपद पछिका खोजी उद्धार राहत तथा पुर्नस्थापना गर्न साथै गाउँपालिकाको राजश्व रकममा बढाउन सहयोगी पुग्ने गरि अनुगमन, नियन्त्रण तथा कानून अनुसार गतिविधि सञ्चालन गर्न गाउँ प्रहरी सेवा गठन गरि मकवानपुरगढी गाउँपालिकामा कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई न्याय सुरक्षा तथा व्यवस्थाको प्रत्याभुत गर्न

वाञ्छनिय भएकाले, मकवानपुरगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मकवानपुरगढी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "मकवानपुरगढी गाउँपालिकाको नगर प्रहरी सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भइ राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका" भन्नाले मकवानपुरगढी गाउँपालिका सम्झनु पर्दछ ।

ग) "सभा" भन्नाले गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

घ) "अध्यक्ष" भन्नाले मकवानपुरगढी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ङ) "उपाध्यक्ष" भन्नाले मकवानपुरगढी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मकवानपुरगढी गाउँपालकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

छ) "पदपूर्ति" समिति भन्नाले मकवानपुरगढी गाउँपालिकाको "करार सेवामा जनशक्ति व्यबवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५" को दफा ५ बमोजिम गठन हुने समितिलाई सम्झिनु पर्दछ ।

ज) "नगर प्रहरी" भन्नाले मकवानपुरगढी गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारी सम्झनु पर्दछ।

झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिका वा गाउँ सभाले समय समयमा निर्णय गरी तोकेको व्यवस्था सम्झनुपर्छ।

ञ) "जवान" भन्नाले नगर प्रहरी सेवाको प्रहरी जवान सम्झनुपर्छ ।

ट) "नगर प्रहरी हवल्दार" भन्नाले नगर प्रहरी सेवाको हवल्दार पदलाई सम्झनुपर्छ ।

ठ) "नगर प्रहरी सहायक निरीक्षक" भन्नाले नगर प्रहरी सेवाको प्रमुख पदलाई सम्झनुपर्छ।

## परिच्छेद-२
## नगर प्रहरी सेवा इकाईको गठन, पदपूर्ति, योग्यता, सेवा सुविधा र कार्य विवरण सम्बन्धी

**३.** <u>नगर प्रहरी सेवा इकाइको गठन</u>: (१) गाउँपालिकामा एक नगर प्रहरी सेवा इकाई रहनेछ जसमा देहाय बमोजिमका पदहरु सिर्जना गरी सेवा करारबाट पदपूर्ति गरिनेछ ।

क) नगर प्रहरी सहायक निरिक्षकः गाउँ कार्यपालिकाको निर्णय अनुसार पद संख्या निर्धारण गरिनेछ।

ख) नगर प्रहरी हवल्दारः गाउँ कार्यपालिकाको निर्णय अनुसार पद संख्या निर्धारण गरिनेछ।

ग) नगर प्रहरी जवानः गाउँ कार्यपालिकाको निर्णय अनुसार पद संख्या निर्धारण गरिनेछ।

(२) उपदफा (१) बमोजिम पदहरुमा पदपूर्ति गर्न पदपूर्ति समितिले खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनौट गरी नियुक्तिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नेछ।

(३) पदपूर्ति समितिले आफ्नो कार्य सम्पादनको क्रममा आवश्करता अनुसार सम्बन्धीत विषयको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) पदपूर्ति समितिबाट नियुक्तिका लागि सिफारिस भएका उम्मेदवारहरुलाई प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी इकाई अन्तर्गतको पदमा नियुक्ति दिनेछ ।

(५) सेवा विस्तारको आधारमा गाउँपालिकाले नगर प्रहरी सेवा इकाईमा रहने गरी नगर प्रहरीको थप दरबन्दी सृजना गर्न सक्नेछ।

४. <u>नगर प्रहरीको नियूक्ति र अवकाशः</u> (१) नगर प्रहरी सेवा इकाइमा रहने पदहरुमा नियूक्तिका लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ।

क) नेपाली नागरिक,

ख) छनौट परिक्षा शुरु हुने दिनसम्ममा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको । (महिलाको हकमा ४० बर्ष ननाघेको),

ग) पुरुषको हकमा शरीरको उंचाई घटीमा ५ फिट २ ईन्च र वजन घटीमा ५० के. जी. हुनुपर्ने।
(महिलाको हकमा शरीरको उंचाई घटीमा ५ फिट र वजन घटीमा ४५ के. जी. हुनुपर्ने)

घ) कुनै पनि राजनीतिक दलको सदस्य नभएको,

ङ) कुनै विध्वंघसात्मक क्रियाकलापमा संलग्न नभएको,

च) सहायक निरीक्षक पदको लागि प्रविणता प्रमाणपत्र तह वा सो सरह, प्रहरी हवल्दार पदको लागि १० कक्षा तथा जवान पदको लागि ८ कक्षा उर्तिण गरेको,

छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

ज) पदपूर्ति समितिले निधारण गरे बमोजिमको शारीरिक तन्दुरुस्त भएको ।

(२) उम्मेदवार छनौट गर्रिँदा नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी हवल्दार पद नेपाल प्रहरी, शसस्त्र प्रहरी बल वा नेपाली

सेनाबाट सो सरह वा माथिल्लो पदबाट निवृत्त भएका उम्मेदवार मध्येबाट गर्नु पर्नेछ ।

(३) नगर प्रहरीहरुलाइ साठी वर्षको उमेर पुरा भयपछि अवकाश दिनु पर्नेछ । तर पदपूर्ति समितिले शारीरिक तन्दुरुस्ती लगायतको अवस्था हेरी म्याद थप गर्न सिफारिस गरेमा गाउँ कार्यपालिकाले बढिमा तीन वर्षसम्म म्याद थप गर्न सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी हवल्दार पद वाहेक अन्य पदहरु तोकिएको मापदण्ड पुरा गरेकाहरु मध्येबाट पठाउन सुरक्षा सेवा प्रदान गर्ने आपूर्तिकर्ता फर्म संस्थाहरुबाट सेवा खरिद गर्न बाधा पर्ने छैन । यसरी सेवा खरिद गर्दा सम्झौतामा उल्लेखित शर्तहरु स्पष्ट पारी खरिद गर्नु पर्नेछ ।

<u>५. पदपुर्ति समितिको गठन :</u>

(क) गाउँपालिका नगर प्रहरी सेवामा खुल्ला प्रतियोगिताद्वारा छनोट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्न देहाय बमोजिमको पदपुर्ति समिति गठन हुनेछ :

(१) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी — अध्यक्ष

(२) इलाका प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य

(३) गाउँपालिकाले तोकेको अवकाश प्राप्त अधिकृत स्तरको प्रहरी वा सुरक्षाकर्मी — विज्ञ

(४) गाउँ कार्यपालिका कार्यालयका प्रशासन शाखा प्रमुख — सदस्य सचिव

(ख) आमन्त्रित सदस्यको रुपमा आवश्यकता अनुसार विज्ञ व्यक्ति वा कर्मचारीहरुलाई राख्न सकिनेछ ।

ग) पदपूर्ति गर्नको लागि गाउँपालिकाले जिल्ला स्थित कुनै पनि सुरक्षा निकायलाई अनुरोध गर्न वा सहयोग माग सक्नेछ ।

६. <u>पदपूर्ति समितिको काम, कर्तब्य तथा अधिकारः</u>

(१) पदपूर्ति समितिको काम, कर्तब्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

क) खुला प्रतियोगिताको लागि पाठ्यक्रम निर्धारण गर्ने,

ख) पदपुर्ति कार्यतालिका बनाउने,

ग) परीक्षाको किसिम तोक्ने,

घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

ङ) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने,

च) नियुक्तिका लागि सिफारिस गर्ने,

छ) लोक सेवा आयोगबाट स्वीकृत नगर सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपानउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धित अन्य कार्य गर्ने ।

ज) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) नियुक्तिको लागि सिफारिस भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनु पर्नेछ।

(३) नियुक्तिको लागि सिफारिस भएको कुनै पनि उम्मेदवार सिफारिस भएको मितिले सात दिन भित्र नियुक्ति बुझ्न नआएमा सो पदको लागि वैकल्पिक सुचिमा रहेको उम्मेदवारलाई नियुक्ति दिइनेछ।

(४) पदपूर्ति समितिले नगर प्रहरी सेवा अन्तर्गतका पदहरुको छनौट परिक्षा संचालन गर्दा प्रचलित कानुन बमोजिम कार्यविधि बनाई कार्यान्वयन गर्न सक्नेछ।

(५) पदपूर्ति समितिका पदाधिकारीहरुलाइ पदपूर्ति सम्बन्धी कार्य सम्पादन गर्दा प्रदेश लोकसेवा आयोगले तय गरेको भत्ता तथा अन्य सुविधा उपलव्ध गराइनेछ ।

**७. नगर प्रहरी कर्मचारीहरुको सुविधा:**
नगर प्रहरी सेवा इकाई अन्तरगतका कर्मचारीले अनुसुची-१ मा उल्लेख भए बमोजिमको सुविधा पाउनेछन्।

**८. कार्यविवरण :** नगर प्रहरी कर्मचारीहरुको कार्यविबरण अनुसुची-२ मा उल्लेख बमोजिम हुनेछ।

**९. दरखास्त शुल्क:** नगर प्रहरी कर्मचारीहरुको दरखास्त शुल्क अनुसुची- ३ मा उल्लेख बमोजिम हुनेछ।

## परिच्छेद-३
## नगर प्रहरी सेवा इकाईको काम, कर्तब्य र अधिकार

**१०. नगर प्रहरी कर्मचारीका काम, कर्तब्य र अधिकार :**

(१) गाउँपालिकाको सम्पत्ति सुरक्षा र संरक्षण गर्ने,

(२) गाउँमा हुने सभा समारोह, परम्परा तथा जात्रा, चाडपर्वको सुरक्षा, व्यवस्थापन गर्ने,

(३) गाउँ बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने,

(४) गाउँको सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वियन गर्ने,

(५) न्यायकि समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वियन गर्ने,

(६) सार्वजनिक, ऐलानी र पर्तिजग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(७) विपद व्यवस्थापन अन्तर्गत खोजी, उद्दार, राहत तथा पुनस्थापना सम्बन्धी कार्य गर्ने,

(८) राजश्व बृद्धि गर्न आवश्यक पर्ने अनुगमन,चोरी निकासी नियन्त्रण लगायत अन्य कार्यमा सहजीकरण गर्ने,

(९) अनाधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण गर्ने, तथा फुटपाथमा रहेको व्यसायलाई व्यवस्थित बनाउने,

(१०) छाडा चौपायाको नियन्त्रण गर्ने,

(११) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(१२) गाउँपालिका तथा वडा कार्यालयको सुरक्षार्थ आवश्यक व्यवस्था मिलाउने,

(१३) कार्यालयको सुरक्षा गर्ने,

(१४) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद-४
## आचरण तथा विदा सम्बन्धि

**११. आचरण सम्बन्धि व्यवस्थाः** नगर प्रहरी सेवा इकाई अन्तर्गतका प्रहरीको देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ ।

क) दान उपहार लिन नहुनेः सरकारी कामको सिलसिलामा गाउँपालिकाको स्वीकृती विना स्वदेशी वा विदेशी संघ, संस्था, निकाय वा व्यक्ति कसैबाट पनि कुनै प्रकारको दान, बकस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

ख) चन्दा लिन नहुनेः नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै पनि किसिमको चन्दा माग्न, स्वीकार गर्न र अरु कुनै किसिमको आर्थिक सहायता लिनु हुँदैन ।

ग) सम्पत्तिको विवरण दिनुपर्नेः यो कार्यविधि बमोजिम नियुक्ति हुने प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले ६० दिन भित्र र प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले साठी दिन भित्र निर्धारित ढाँचा बमोजिमको सम्पत्तिको विवरण भरि कार्यलयमा बुझाउनु पर्छ ।

घ) व्यापार व्यवसाय गर्न नहुने : कुनै पनि नगर प्रहरीले गाउँपालिकाको स्वीकृति वेगर देहायको काम गर्नु हुँदैनः

१. कुनै व्यापार गर्न,

२. कुनै फर्मको हिस्सेदार वा संचालक हुन र

३. आफ्नो नाममा दर्ता गरी व्यवसाय चलाउन।

ङ) कार्यालयसँग सम्बन्धित कुराहरु प्रकाश गर्न नहुनेः नगर प्रहरी कर्मचारीले कार्यालयसंग सम्बन्धित आफुले थाहा पाएका कुराहरु गाउँपालिकाको अनुमति वेगर अरु कसैलाई भन्नु, पत्र पत्रिकालाई जानकारी दिनु वा आफैले लेखेर प्रकाशन गर्नु हुँदैन। तर साहित्यिक, कलात्मक, ऐतिहासिक वैज्ञानिक र व्यवसायिक विषयको लेख रचनाहरु प्रकाशन गर्दा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्ने छैन।

च) आलोचना गर्न नहुनेः नगर प्रहरी कर्मचारीले गाउँपालिकाको नीति विरुद्ध हुने गरी वा नगरबासीको भावनामा खलल पुग्ने गरी भाषण, सम्बाद गर्न हुँदैन।

छ) निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दलबाट उम्मेदवार भै निर्वाचनमा भाग लिन, कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन बमोजिम आफ्नो मताधिकार गोप्य रुपमा प्रयोग गर्न बाधा पर्ने छैन।

ज) नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सो संग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्था लाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्ने गरी सहयोग गर्न हुँदैन।

झ) समय पालन र नियमितताः नगर प्रहरी कर्मचारीले ठिक समय तथा नियमित रुपमा कार्यालयमा हाजिर हुनुपर्दछ र साधारणतया विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहनु हुँदैन।

ञ) अनुशासन र आज्ञापालन :नगर प्रहरी कर्मचारीले अनुशासित भई आफ्नो कर्तव्य तत्परताको साथ पालना गर्नु पर्दछ।

ट)  नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकता साथ पालना गर्नुपर्दछ।

ठ)  नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर प्रकट गर्नुपर्नेछ।

ड)  नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका सबै अधिकृत माथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्न प्रयत्न गर्नु हुँदैन।

ढ)  बहुविवाह, बालविवाह, अनमोल विवाह गर्न वा गराउन हुँदैन।

ण)  नगर प्रहरी कर्मचारीले मादक पदार्थ सेवन गर्नु हुँदैन।

<u>१२. विदाः</u> नगर प्रहरी कर्मचारीले वर्ष भरिमा देहाय बमोजिमको बिदा पाउने छन्।

(१)  भैपरी आउने र पर्व विदाः यो विदा वर्ष भरिमा जम्मा १२ दिन नबढाई लिन सकिनेछ। बर्षको अन्तिमा सञ्चिगत रहेको विदा आगामी वर्षको लागि जिम्मेवारी सर्ने छैन।

(२)  किरिया विदाः कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा वा प्रहरी कर्मचारीको बाबुआमा, बाजेबज्यै, छोराछोरी वा सासु ससुराको मृत्यू भएको वा पुरुष कर्मचारीको पत्नी र महिला कर्मचारीको पतिको मृत्यू भएको अवस्थामा पन्ध्र दिन किरिया बिदा दिइनेछ ।

(३)  घर विदाः रुजु हाजिरको आधारमा छब्बीस दिन काम गरे वापत एक दिनका दरले घर विदा पाउनेछ । उक्त घर विदा ३० दिन सम्म संचित गर्न सकिनेछ ।

(४)  प्रसुती विदाः महिला प्रहरी कर्मचारीले गर्भवती भएमा निजले अघि पछि गरी साठ्ठी दिन विदा लिन पाउँछन् । प्रसुति बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

**१३. विदा नलिई घर बस्न नहुनेः**

(१) यो कार्यविधि बमोजिम विदा नलिई गैर हाजिर बस्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम विदा नलिई गैर हाजिर बस्ने नगर प्रहरी कर्मचारीलाई गाउँपालिकाले सेवाबाट हटाउन सक्नेछ।

## परिच्छेद-५
## सजाय तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था

**१४. सजाय सम्बन्धी व्यवस्थाः**

(१) नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्न सकिनेछ ।

क) आफ्नो जिम्मेवारीको काम सन्तोषजनक रुपमा सम्पादन नगरेमा,

ख) अनुसाशनहिन कार्य गरेमा,

ग) आचरण विपरित कार्य गरेमा,

घ) दिएको आदेश निर्देशनको पालना नगरेमा,

ङ) मनासिव कारण बिना वा विदा नलिई गैर हाजिरी भएमा,

च) लापरवाही कार्य गरी कार्यालयलाई हानी नोक्सानी पुऱ्याएमा,

छ) आचरण विपारित कार्य गरेमा,

ज) प्रचलित कानुन विपरित कार्य गरेमा।

(२) उपदफा (१) बमोजिमको कार्य गरेको प्रमाणित हुन आएमा सम्बन्धित प्रहरी कर्मचारीलाई देहाय बमोजिम सजाय गरिनेछः

१. नसियत दिने,

२. शारीरिक थकाई हुने सजाय गर्ने,

३. लापरबाही गरी गाउँपालिकालाई नोक्सानी भए बमोजिमको रकम निजको तलब भत्ता वा प्रचलित कानून बमोजिम गरी निज वा निजको एकाघर सगोलका परिवारको सदस्यको नाममा रहेको चल अचल सम्पतिबाट असुल गर्ने,

४.   भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने,

(३)   माथि उपदफा (२) मा जेसुकै लेखिएको भए तापनि कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनु अघि आफ्नो सफाई पेश गर्नका लागि मनासिब समय दिइनेछ।

१५. प्रशासनिक नियन्त्रण सम्बन्धिः नगर प्रहरीका कर्मचारीहरु गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रशासन शाखाको प्रत्यक्ष अप्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

## परिच्छेद-६
## विविध

१६. समावेशी सम्बन्धी व्यवस्था : नगर प्रहरी सेवालाई समावेशी बनाउन सो सेवामा पहिलो पटक खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पद संख्यालाई सय प्रतिशत मानि सोको तेत्तीस प्रतिशत महिला उम्मेदवारहरुको बीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

१७. तालिम सम्बन्धी व्यवस्थाः नगर प्रहरी सेवा इकाइमा रहने कर्मचारीहरुको आधारभूत तालिमको व्यवस्था गाउँपालिकाले गर्नेछ।

१८. पोशाक तथा दर्ज्यानी चिन्हः

(१)   नगर प्रहरी सेवा इकाइमा रहने कर्मचारीहरुले गाउँपालिकाले तय गरे बमोजिमको औपचारिक पोशाक तथा दर्ज्यानी चिन्ह लगाउनु पर्नेछ।

(२)   नगर प्रहरीले लगाउने पोशाक र दर्ज्यानी चिन्हको रंग र ढाँचा गाउँ कार्यपालिकाले तोकिएको बमोजिम हुनेछ।

१९. चाडपर्व खर्च : नगर प्रहरी सेवा इकाइमा रहने कर्मचारीहरुलाई आफ्नो जातीय परम्परा अनुसार चाडपर्व खर्च वापत एक महिनाको आधारभूत तलब बराबरको रकम भुक्तानी दिईनेछ । तर यो सुविधा छ महिना

सेवा अवधि भूक्तान नभई पाइने छैन ।

२०. **कार्यविधिको व्याख्याः** यो कार्यविधि कार्यान्वयनको क्रममा कार्यविधिमा रहेको कुनै वाक्यंधश र हरफहरु सम्बन्धमा अस्पष्टिता आई द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले गरेको व्याख्या बमोजिम कार्यान्वयन हुनेछ ।

२१. **कार्यविधिको संसोधनः** यो कार्यविधिको संसोधन गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ ।

## अनुसूची-१

(नियम ७ संग सम्बन्धीत )

**नगर प्रहरी सेवा इकाई अन्तर्गतका कर्मचारीले पाउने सुविधा**

१. नगर प्रहरी सेवाका कर्मचारीहरुलाई सम्बन्धित पदको कामका लागि हाजिर भएको दिनदेखि नै तलब भत्ता उपलब्ध गराईनेछ ।

२. नगर प्रहरी सेवाका कर्मचारीहरुको तलब नगर प्रहरी सहायक निरीक्षकको सहायकस्तर चौथो, नगर प्रहरी हवल्दारलाइ सहायक तेश्रो र प्रहरी जवानलाइ सहायकस्तर प्रथम सरहको तथा नेपाल प्रहरीको सोही दर्जा सरहको राशन सुविधा उपलब्ध गराइनेछ। उक्त तलब रकमको १० प्रतिशत रकम र गाउँपालिकाले ५ प्रतिशत रकम थप गरी संचय कोषमा रकम जम्मा गर्न सकिनेछ । तर ब्यारेकमा बस्ने प्रहरीहरुलार्य मात्र राशन सुविधा उपलब्ध हुनेछ ।

३. नगर प्रहरीलाई वार्षिक रुपमा रु. दश हजार रुपैयाँ बन्दोवस्तीका तथा आवश्यक पोशाकहरु खरिद गर्न भत्ता उपलब्ध गरिनेछ ।

४. नगर प्रहरी सेवाका कर्मचारीहरुको बिमा गाउँ कार्यपालिकाको निर्णायानुसार गरिनेछ।

५. नगर प्रहरीलाई आवश्यकता अनुसार थप सेवा सुविधा गाउँ कार्यपालिकाले निर्धारण गर्न सक्नेछ।

अनुसूची-२

(नियम ८ संग सम्बन्धीत)

<u>नगर प्रहरी सेवा इकाईका प्रहरी कर्मचारीहरुको कार्य विवरण</u>

१. सहायक प्रहरी निरीक्षक कार्य विवरणः

क) नगर प्रहरी सेवा इकाई प्रमुख भै कामकाज गर्ने,

ख) प्रमुख प्रशासकीय अधिकृत मातहत र प्रशासन शाखाको समन्वयमा रही कार्य सम्पादन गर्ने,

ग) प्रहरी जवानलाई ड्यूटी खटाई निजहरुको कार्य सम्पादनको अनुगमन गर्ने,

घ) नगर प्रहरी सेवा इकाईको काम, कर्तब्य र अधिकारमा उल्लेखित कार्यहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्ने / गराउने,

ङ) कार्य सम्पादन सम्बन्धि दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत समक्ष पेश गर्ने,

च) नगर प्रहरी जवानहरुको मनोबल वृद्धि हुने खालका अतिरिक्त क्रियाकलाप आयोजना गर्ने,

छ) उत्कृष्ट कार्य सम्पादन गर्ने जवानहरुको अभिलेख राखी पुरस्कृत गर्न गाउँपालिकामा सिफारिस गर्ने,

ज) गाउँ कार्यपालिकाबाट तोकिएको बमोजिम अन्य कार्यहरु गर्ने।

<u>२. प्रहरी हवल्दार तथा जवानको कार्य विवरण :</u>

क) नगर प्रहरी सेवा इकाई प्रमुखको प्रत्यक्ष मातहतमा रही कामकाज गर्ने,

ख) आफू खटिएको क्षेत्रमा इमान्दारी, वफादारी र समन्वयात्मक रुपमा कार्य सम्पादन गर्ने,

ग) कार्य सम्पादन सम्बन्धि दैनिक तथा साप्ताहिक रुपमा प्रतिवेदन

तयार गरी नगर प्रहरी सेवा इकाई प्रमुख समक्ष पेश गर्ने,

घ) गाउँ कार्यपालिकाबाट तोकिएको बमोजिम अन्य कार्यहरु गर्ने।

अनुसूची-३

(नियम ९ संग सम्बन्धीत)

नगर प्रहरी कर्मचारीहरुको दरखास्त शुल्कः

१. नगर प्रहरी सहायक नायब निरीक्षकः रु. १,००० /-

२. नगर प्रहरी हवल्दार : रु. ८०० /-

३. नगर प्रहरी जवान : रु. ५०० /-

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०८।०८
प्रमाणीकरण मिति : २०८०।०९।०२

आज्ञाले,
राजेन्द्र कार्की
प्रमुख प्रशासकीय अधिकृत

मूल्य रू. ५/- मात्र